डा. विपिन अधिकारी*

# सत्य निरूपण तथा मेलमिलाप आयोग: लाइबेरियाको अनुभव

पश्चिम अफ्रिकी मुलुक लाइबेरिया सत्य निरुपण तथा मेलमिलाप आयोग (टिआरसि) को प्रयोग गर्ने मुलुकहरु मध्ये एउटा देश हो । त्यहाँ यसको प्रयोग कुन रुपमा भयो वा यो प्रयोग सफल भयो कि भएन भन्ने विषयको लेखाजोखा आ-आफ्नो हिसाबले भएको छ । तर लाइबेरियाको अनुभवबाट के सिक्ने भन्ने बारेमा भने केही दृष्टिकोण बनाउन सकिन्छ ।

यो लेखक सन् २००४ को उत्तरार्द्धमा लाइबेरियास्थित संयुक्त राष्ट्रसंघको 'एसाइन्मेन्ट' मा जाँदा त्यहाँ सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनको मस्यौदा तयार गर्ने प्रक्रिया धमाधम चल्दै थियो । यो कार्यलाई राष्ट्र संघ लगायत विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय निकायहरुले सहयोग गर्दै थिए । खासगरी त्यसबेलाको संक्रमणकालीन सरकारका राष्ट्रपति ज्युडि ब्रायण्ट र उनको क्याबिनेट, पश्चिम अफ्रिकी मुलुकहरुको आर्थिक संगठन 'एकोवास' (इसिओडब्ल्यूएएस) र संयुक्त राष्ट्रसंघको पिसकिपिङ मिसनको सहकार्यका रुपमा उक्त मस्यौदा बन्दै थियो । त्यस क्रममा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय नागरिक समाजसँग पनि परामर्श लिइएको थियो। यस विषयमा अनुभव भएका मुलुकहरु विशेषगरी दक्षिण अफ्रिकाका विज्ञहरु पनि बेलाबेलामा संलग्न भएका थिए । उक्त मस्यौदालाई राष्ट्रसंघका तर्फबाट अन्तिम रुप दिँदा यो लेखकको पनि केही योगदान थियो । यी 'इनपुट' हरु विषयवस्तुका साथै 'ड्राफ्टिङ' सँग पनि सम्बन्धित थिए ।

लाइबेरिया अमेरिकी नमुनाको अध्यक्षात्मक शासन व्यवस्था अपनाउने मुलुक हो । यसको परम्परागत सम्बन्ध अन्य मुलुकहरुभन्दा अमेरिकासँग बढी छ । यसले १४ वर्ष लामो गृहयुद्धबाट सन् २००३ मा मात्र छुटकारा पायो । सन् २००३ को वर्ष संयुक्त राष्ट्रसंघको सक्रियतामा गृहयुद्धका पक्षहरुले बृहत्तर शान्ति सम्झौता (सिपिए) मा हस्ताक्षर गरेपछि राष्ट्रसंघकै अभिभावकत्वमा लाइबेरियामा शान्ति प्रक्रिया सुरु भएको थियो । यो शान्ति सम्झौतामा तीनवटा लडाकु समूहहरुका अतिरिक्त १८ वटा राजनैतिकदलहरुले हस्ताक्षर गरेका थिए । गृहयुद्धको अवधिमा करिब दुई लाख पचास हजार लाइबेरियनहरु मारिए । मुलुकको एकतिहाई जनसंख्या छिमेकी मुलुकहरुमा विस्थापित भयो । गम्भीररुपमा मानव अधिकारको उल्लंघनहुनुका साथसाथै यस अवधिमा अन्तर्राष्ट्रिय मानवीय कानुनको पनि प्रशस्त उल्लंघन भएको थियो । गम्भीर प्रकारका फौजदारी अपराधहरु घटाएर भएको यो गृहयुद्धलाई समाप्त गर्ने बृहत्तर शान्ति सम्झौताले सबै लडाकु समूहहरुलाई तत्काल विघटनमात्र गरेन कि यसले मुलुकमा दुई वर्षे संक्रमणकालीन प्रशासनको समेत व्यवस्था गऱ्यो । शान्ति सम्झौता अन्तर्गत अक्टोबर २००५ मा देशभित्र राष्ट्रिय चुनाव गर्ने र यी प्रक्रियाहरुलाई सहयोग गर्न दुई वर्षका लागि अन्तर्राष्ट्रिय पिसकिपिङ फोर्सको पनि व्यवस्था गरियो । बृहत्तर शान्ति सम्झौताको परिच्छेद ६ मा मानव अधिकारको स्थितिमा तत्काल सुधार ल्याउनका लागि मानव अधिकारको राष्ट्रिय आयोग (आइएनसिएचआर) को व्यवस्था गरियो भने गृहयुद्धकालीन हत्या, हिंसा, अपराध र मानवअधिकार उल्लंघनको विषयलाई हेर्नका लागि टिआरसिको प्रावधान पनि व्यवस्था गरियो ।

त्यसबेलाको लाइबेरियाको परिस्थितिमा टिआरसि ऐनको मस्यौदा निर्माण कार्य सहज थिएन । एकातर्फ लाइबेरियाको गृहयुद्धमा संलग्न विभिन्न पक्ष सरकारमा थिए । गृहयुद्धका सम्बन्धमा उनीहरुको दृष्टिकोण आम लाइबेरियनभन्दा अलग हुने नै भयो । अर्कोतर्फ त्यसबेला सत्तामा साझेदार नभएकाहरुले पनि चित्त बुझाइसकेका थिएनन् । बेलाबेलामा लाइबेरियाका विभिन्न क्षेत्रहरुमा घटनाहरु भइरहेकै थिए । ती घटनाले गृहयुद्ध सकिएको छैन कि जस्तो आभाष दिन्थ्यो । नागरिक समाज त्यति बलियो थिएन । अन्तर्राष्ट्रिय समुदाय आ-आफ्नो दृष्टिकोणले यो काममा लागेको थियो । त्यसैले केवल सही दृष्टिकोण वा असल अभ्यासका आधारमा मात्र ऐनको मस्यौदा तयार गर्ने काम सजिलो थिएन । सैद्धान्तिक कुराहरुमा मुख मिल्न गाह्रो हुँदैनथ्यो । तर जब उत्तरदायित्व वा जवाफदेहिताको विषयलाई सम्बोधन गर्ने अवस्था आउँथ्यो, त्यो काम

* लेखक संवैधानिक कानुनका ज्ञाता हुनुहुन्छ ।

टिआरसिले स्थापना भइसकेपछि आफैले आवश्यकता अनुसार गरिहाल्छ नि भन्ने तर्कहरु राखेको पाइन्थ्यो ।

प्रायः बाहिरबाट आउने विज्ञहरुको मूल समस्या भनेको आन्तरिक राजनैतिक परिस्थितिको राम्रो ज्ञान नहुनु नै हो । यो ज्ञानको अभावमा फौजदारी उत्तरदायित्व हुनसक्ने कानुनको मस्यौदा गर्नु गाह्रो काम हुने नै भयो । त्यसै गरी लाइबेरियन विज्ञहरुबाट सबै कुरा हामीलाई थाहा छ, खाली पैसामात्र नभएको हो भन्ने आशय बेलाबेलामा व्यक्त हुन्थ्यो । तीमध्ये कतिपय आन्तरिक शक्तिसंघर्षसँग सम्बन्धित हुन्थे । राष्ट्रसंघले जहिले पनि शान्तिको प्रक्रियालाई अन्य कुराभन्दा बढी महत्व दिने परिपाटी त संसारभरिकै हो । त्यसैले मोटामोटी रुपमा सैद्धान्तिक कुराहरुलाई उल्लेख गरी एउटा विधेयक टुंग्याउन खोजिदै थियो ।

उक्त विधेयक यो लेखकको हातमा आउँदा लाइबेरियाको विधायिकामा पेश गर्न हतार भइसकेको थियो । नेपाली अनुभवका आधारमा भन्ने हो भने त्यो विधेयक राम्रो थिएन । त्यसमा चाहिएभन्दा ठूलो प्रस्तावना थियो भने मूलपाठ मस्यौदाकारको दृष्टिकोणले राम्रोसँग संगठित थिएन । त्यो विधेयकमा टिआरसिको व्यवस्थापनबारे त झन् केही लेखिएकै थिएन । यस लेखकले खासगरी ऐन अन्तर्गत टिआरसिको व्यवस्थापन पक्ष, प्रमुख प्रशासकीय अधिकारी, निजको नियुक्ति, कर्मचारी प्रशासन, ऐनमा उल्लेखित विषयहरुका सम्बन्धमा प्रत्यायोजित विधायनको व्यवस्था गर्ने अधिकार र अन्तर्राष्ट्रिय कानुनसँगको 'लिंकेज' लाई थपेर पूर्णता प्रदान गरेको थियो । तर अन्तिम अवस्थासम्म पनि ऐन कुनै राजनैतिक दलको घोषणापत्र जस्तो लाग्दथ्यो । धेरै प्रयासहरु भए तर विधेयकलाई चाहे जस्तो गरी अन्तिम रुप दिन सकिएन । बल्लबल्ल मिलाएका कुराहरु पनि विधेयक घुमिफिरी विभिन्न पक्षबाट फर्केर आउँदा पहिले गरेका सुधारहरु पछाडि छुटिसकेका हुन्थे । अन्ततः ढिलै गरी भए पनि बल्लबल्ल सन् २००५ को जुनमा टिआरसि ऐन कंग्रेसबाट पारित भयो ।

मस्यौदाको हिसावले त्यति राम्रो नभए पनि टिआरसि ऐनले मूल्य र मान्यताका कुरालाई राम्रोसँग राखेको थियो । राम्रो नेतृत्व भएका अवस्थामा अरु समस्याहरुलाई फुकाउन सकिन्थ्यो । तर टिआरसि स्थापनाको समस्याहरु घटेनन् । शुरुको कुरा गर्ने हो भने शान्ति सम्झौता सही भएर संक्रमणकालीन सरकारको गठन हुने बित्तिकै सन् २००४ को शुरुमै राष्ट्रपति ज्युडि ब्रायण्टले नौजना कमिसनरहरु सम्मिलित एउटा टिआरसि गठन गर्न हतारो गरे । पहिले ऐन ल्याएर तदनुरुप क्षमतावान् तथा स्वतन्त्र व्यक्तिहरुको नियुक्ति प्रक्रियामा जानुपर्छ भन्ने उनलाई लागेन । राष्ट्रसंघका मुखिया ज्याक क्लाइन त्यति प्रभावकारी हुन सकेनन् । राजनैतिक स्वार्थहरुलाई मिलाएर नियुक्ति गर्दा पारदर्शिता नहुने नै भयो । उनको हतारोलाई आफ्नो मनले खाएका मान्छेलाई मात्र टिआरसिमा ल्याउँ भन्ने अर्थ पनि लगाइएको थियो । यसको व्यापक रुपमा विरोध भयो । त्यसैले टिआरसि ऐन पारित भइसकेपछि नयाँ कमिसनरहरुको पुनः नियुक्ति गरियो । यसपटक नियुक्ति प्रक्रिया ऐनमा उल्लेख भए बमोजिम एकोवासले नेतृत्व गरेको एउटा स्वतन्त्र समूहले नेतृत्व गरेको थियो । विभिन्न गोष्ठी तथा परामर्श कार्यक्रमहरु गरिए । यो प्रक्रिया सहभागितामा आधारित थियो । त्यसैले मोटामोटीरुपमा लैंगिक आधारमा समावेशी र लगभग असल उम्मेदवारहरु चयन गरिएका थिए ।

टिआरसि ऐनले नयाँ स्थापित टिआरसिलाई सन् १९७९ देखि २००३ सम्मको लाइबेरियामा भएको गृहयुद्धको प्रकृति, कारण तथा परिणामका बारेमा अध्ययन, अनुसन्धान एवम् सिफारिस गर्ने अख्तियार दिएको थियो । यसको प्रस्तावनामा निम्न वाक्य पनि उल्लेखित थिए — "... introspection, national healing and reconciliation will be greatly enhanced by a process which seeks to establish the truth through a public dialogue which engages the nation about the nature, causes and effects of the civil conflicts and the impact it has had on the Liberian nation in order to make recommendations which will promote peace, justice and reconciliation." यी वाक्यहरुको तात्पर्य उक्त अवधिमा भएका मानवीय विडम्बनाहरुको मूल्यांकन गर्ने तथा युद्धका कारणबाट पार पाउन र राष्ट्रिय मेलमिलाप पुनः कायम गर्न आवश्यक उपायहरुको सिफारिस गर्नु नै थियो ।

> **गृहयुद्धको अवधिमा करिब दुई लाख पचास हजार लाइबेरियनहरु मारिए । मुलुकको एकतिहाई जनसंख्या छिमेकी मुलुकहरुमा विस्थापित भयो । गम्भीररुपमा मानव अधिकारको उल्लंघनहुनुका साथै यस अवधिमा अन्तर्राष्ट्रिय मानवीय कानूनको प्रशस्त उल्लंघन भएको थियो ।**

सिपिएको वार्तामा संलग्न अधिकांश पक्षहरुले टिआरसि स्थापना गर्नु भनेको आपराधिक अभियोजनको वैकल्पिक व्यवस्था हो भन्ने अर्थ लगाएको पाइन्थ्यो। तापनि अधिकांश लाइबेरियनहरुले टिआरसि प्रक्रिया मार्फत् मुलुक फौजदारी न्याय प्रक्रियातर्फ बढ्ने हो भन्ने नै ठहऱ्याएका थिए । टिआरसि ऐनले टिआरसिलाई फौजदारी अभियोजन तर्फ विस्तृत सुझावहरु प्रदान गर्ने उत्तरदायित्व पनि दिएको थियो । यो उत्तरदायित्वका विवरणहरु भने ऐनमा त्यति खुलस्त रुपमा आउन सकेका थिएनन् । कतिपय अवस्थामा अस्पष्टता राखेरै भए पनि अघि बढ्नु पर्ने हुन्छ भन्ने मतहरु पनि नदेखिएका होइनन् । वास्तवमा उक्त टिआरसिको घोषित उद्देश्य भनेको "promote national peace, security, unity and reconciliation" अर्थात् शान्ति, सुरक्षा, एकता र मेलमिलाप तर्फ उन्मुख हुने भन्ने नै थियो ।

वास्तवमा उपर्युक्त उद्देश्य प्राप्तिका लागि टिआरसिले पाएको क्षेत्राधिकार सानो थिएन । यसले मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको जघन्य उल्लंघनबारे तहकिकात गर्ने, द्वन्द्वको मूल कारणहरु पत्ता लगाउने, महिला तथा बालबालिकाले भोगेको विशेष अनुभव उल्लेख गर्ने र द्वन्द्वलाई निरन्तरता दिनका लागि प्राकृतिक तथा सार्वजनिक सम्पदाहरुको दोहन गर्नेहरुबारे अनुसन्धान गर्नुपर्ने थियो । कतिपय देशहरु भन्दा अलग लाइबेरियाले स्थानीय द्वन्द्वको चरित्रलाई बुझ्नका लागि आर्थिक अपराधहरुलाई पनि टिआरसिको क्षेत्राधिकारमा राखेको थियो। जस्तो अवैध हिराको व्यापारबाट द्वन्द्वरत पक्षहरु सबै लाभान्वित थिए । पैसाले द्वन्द्व चर्काउन प्रशस्त सहयोग गरेको थियो । त्यस्तै महिला र बालबालिकाबारे विशेष प्रावधान राख्दै द्वन्द्वबारे उल्लेख गर्दा लाइबेरियन समाजको सबैभन्दा संवेदनशील समूहहरु नछुटुन् भन्ने आशय स्पष्ट देखिन्थ्यो । तर ऐनमा 'जेण्डर बेस्ड भायोलेन्स्' भनेर प्रष्टरुपमा उल्लेख गरिएको थिएन । यसको परिणामस्वरुप पुरुष एवम् युवाहरुले भोगेको जबरजस्ती बन्ध्याकरण जस्ता यौन हिंसाका विषयहरु प्रष्टरुपमा परेनन् ।

लाइबेरियाको टिआरसि ऐनले आफ्नो क्षेत्राधिकारको विषयमा टिआरसिलाई आवश्यकताअनुसार बयान लिने, सार्वजनिक सुनुवाई गर्ने, अनुसन्धान तथा तहकीकात गर्ने जस्ता सम्पूर्ण अधिकार दिएको थियो । यसबाट टिआरसिले त्यहाँको गृहयुद्धको इतिहास, मुलुकमा भएका मानवअधिकार उल्लंघनलाई उल्लेख गर्नुको साथै पीडितहरुको मानवीय सम्मानलाई पुनस्थापना गर्ने लक्ष्य पनि राखियो । टिआरसिको कर्तव्यमा आफूले गरेको कामकारबाहीका आधारमा अन्तिम प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था पनि गरिएको थियो । ऐनअनुसार टिआरसिले फौजदारी अभियोजन गर्नुपर्ने सिफारिसहरुलाई मात्र विस्तृतरुपमा उल्लेख गर्नुपर्ने भनिएको तर अन्यका हकमा विस्तृत भन्ने शब्द नपरेको स्थिति थियो । त्यस्तै अन्तिम प्रतिवेदनले आफ्नो विवरणहरु र आफूले गरेका गलत कामकारबाहीहरुलाई पूर्णरुपमा उल्लेख गर्दै आफ्ना अपराधका लागि प्रायश्चित गर्ने व्यक्तिहरुको नाम उल्लेख गरी माफीका लागि सिफारिस गर्ने जिम्मेवारी पनि निर्वाह गर्नुपर्ने हुन्थ्यो। तर अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानवताविरुद्धका अपराधहरुका सम्बन्धमा आयोगले कसैलाई छुट दिन सक्ने अधिकार थिएन । आयोगको सिफारिसमा लाइबेरियालाई पुनः मानव अधिकारसम्मत् बाटोमा फर्काउन एवम् यसको आरोग्य प्राप्त गर्न के कस्ता विशेष ऐनहरु तथा कानुनी वा सरकारी सुधारका कार्यक्रमहरु ल्याउनु पर्दछ भन्ने बारे पनि उल्लेख गर्नुपर्ने थियो । मोटामोटीरुपमा यी सबै विषयहरु महत्वका साथ राखिएका थिए । वास्तवमा ऐनले टिआरसिलाई दिएका जिम्मेवारीहरु महत्वाकांक्षी नै थिए । चाहेको भए प्राथमिकता के हो भन्ने मूल प्रश्नबारे जवाफ खोजेर बाँकीलाई अलग किसिमको प्रक्रियामा राख्न सकिन्थ्यो होला । तर त्यो हुन सकेन ।

सन् २००६ को फेब्रुअरीमा योजनाअनुसार नै लाइबेरियामा नयाँ निर्वाचन भयो । यस निर्वाचनबाट राष्ट्रपति ज्युडि ब्रायण्टलाई एलेन जोन्सन सर्लिफले प्रतिस्थापन गरिन् । उनी गृहयुद्धका बेला मन्त्री पनि रहेकी थिइन् । राष्ट्रसंघको एउटा वरिष्ठ कर्मचारी पनि रहिसकेकी सर्लिफले नै टिआरसिको नयाँ कमिसनरहरुको नियुक्ति गरिन्। नियुक्ति हुने बित्तिकै ऐन अनुसार टिआरसिको ३ महिने प्रारम्भिक चरण शुरु भयो । यो चरणभित्रै कमिसनरहरुले टिआरसिको कर्मचारीहरु नियुक्त गर्ने तथा सांगठनिक संरचना तयार गर्न फूर्तिसाथ काम गर्नु पर्दथ्यो। त्यस्तो हुन सकेन । सबै कमिसनरहरु बहस धेरै गर्थे तर निर्णय गर्न सक्दैन थिए । शुरुका अवस्थामा बजेटको अभाव पनि भएकै हो । तीन महिना बितेपछि पूर्णरुपमा काम सुरु गर्नुपर्ने अवस्थामा केही प्राविधिक कर्मचारी बाहेक अरु नहुनुले टिआरसि धेरै

प्रभावित भयो । वास्तवमा प्रस्ताव गरिएका सबै कर्मचारीको दरबन्दी कहिल्यै पूर्ति हुन सकेन ।

टिआरसिका प्रमुख जेरोम जे भर्डियर नेतृत्वदायी हुन सकेनन् । कमिसनरहरुमा एकअर्कासँग सहकार्य गर्ने संस्कृति कमजोर भएको देखियो । प्रशासनिक कर्मचारीहरु पनि त्यति दक्ष देखिएनन् । एउटा इन्टरनेसनल टेक्निकल एड्भाइजरी कमिटी (आइट्याक) को पनि ऐनले व्यवस्था गरेकोथियो।यसमा तीनजना अन्तर्राष्ट्रिय विज्ञ रहने व्यवस्था थियो । उनीहरुले नीतिगत निर्णयहरुमा मतदान गर्न पाउँदैनथे। तर टिआरसिका लागि उनीहरुको सहयोग अत्यन्त महत्वपूर्ण हुन्थ्यो किनभने टिआरसि सञ्चालन र यसको अन्तर्राष्ट्रिय प्रयोग बारे उनीहरु प्रशस्त जानकारी राख्दथे। तर टिआरसिका कमिसनरहरुले उनीहरुसँग टिमवर्क गर्नै सकेनन् । काम शुरु भइसकेपछि मिल्न नसकेका एकजना आइट्याक सदस्य राजीनामा गरेर हिँडे । अर्को आइट्याक सदस्यले नियुक्तिको पत्र नै बुझेनन् । तेस्रोले केही महिनामात्र काम गरे । यसबाट टिआरसि धेरै किसिमले प्रभावित भयो । अन्तर्राष्ट्रिय सल्लाहकारहरुको नियुक्तिका विषयहरुमा पनि विवाद भई नै रह्यो । त्यस्ता सल्लाहकारहरुको सीप र ज्ञानलाई टिआरसिले राम्रो प्रयोग गर्न सकेन । बाह्य आर्थिक सहयोगको राम्रोसँग प्रयोग गर्न सकिन्थ्यो । मान्छे र सीप जति पनि उपलब्ध थिए । तर उचित दृष्टिकोण न त सरकारले लिन सक्यो, न त टिआरसिका कमिसनरहरुले ।

अर्को कुरा, जुन रुपमा टिआरसिले नागरिक समाजसँग सहकार्य गर्ने अपेक्षा गरिएको थियो, त्यो रुपमा सहकार्य हुन सकेन । टिआरसि एउटा ठूलो प्रोजेक्ट थियो । त्यो केवल दुईचार सय मान्छेले मात्र सफलतापूर्वक सञ्चालन गर्न सक्ने स्थिति थिएन । यसमा आमजनतालाई संलग्न गराउनु पर्ने हुन्थ्यो । त्यसमध्ये पनि अधिकांश जनताहरु स्कुल कलेज नगएका नै थिए। गृहयुद्धको सबै विवरणहरु आउनका लागि उनीहरुको सहयोग वाञ्छनीय मात्र होइन, अत्यावश्यक पनि थियो । सहकार्यका लागि एउटा ट्रान्जिस्नल जस्टिस वर्किङ ग्रुप बनाइएको थियो । त्यसले राम्रोसँग काम गर्न सकेन । फलस्वरुप नागरिक समाजसँग टिआरसिको सम्बन्ध बिग्रिदै गयो । बयान गराउने कामहरु सोचेजस्तो सफलतापूर्वक सञ्चालन हुन सकेनन् । यी सबै विवादहरुले गर्दा टिआरसिले आफ्नो गरिमा राखि राख्न सकेनन् । यसका कामकारबाहीहरु अन्तर्राष्ट्रिय समुदायको अपेक्षा बमोजिम र प्राविधिकरुपमा स्पष्टतासाथ हुन सकेन। यी सबै विषमताहरुलाई रोक्न सकिन्थ्यो । तर त्यस्तो गर्न सक्ने प्रभावशाली नेतृत्व नै थिएन ।

सबै विषम परिस्थितिहरुसँग जुध्दै करिब तीन वर्षभन्दा बढी समय लगाएर टिआरसिले डिसेम्बर २००९ मा आफ्नो अन्तिम प्रतिवेदन सार्वजनिक गर्‍यो । यो प्रतिवेदनले युद्धोत्तर लाइबेरियाको स्वास्थ्यलाभ 'रिकभरी' का लागि सबै प्रकारका सुझावहरु उल्लेख गर्‍यो । फौजदारी उत्तरदायित्व, क्षतिपूर्ति, स्मरणोत्सव कार्यक्रम तथा सांगठनिक सुधारबारे पनि प्रतिवेदनमा उल्लेख गरिए । यो प्रतिवेदनले लाइबेरियाका गृहयुद्धमा संलग्न १२४ तथा अन्य ५८ जना व्यक्तिहरुलाई लाइबेरियामै विशेष रुपमा स्थापित अधिकार सम्पन्न गार्हस्थ फौजदारी अदालतमा मानव अधिकारको गम्भीर उल्लंघन, अन्तर्राष्ट्रिय मानवता सम्बन्धी कानूनको उल्लंघन तथा जघन्य अपराधहरुका लागि अभियोजन गर्ने सिफारिस गर्‍यो ।

प्रतिवेदनले टिआरसि प्रक्रियामा सहयोग गर्ने तर आफूले गम्भीर अपराध गरेको स्वीकार गर्ने ३८ जना व्यक्तिहरुलाई अभियोजनबाट स्थगन गर्ने सिफारिस पनि दियो । त्यस्तै बहालवाला राष्ट्रपति एलेन जोन्सन सर्लिफ लगायत ४९ जना व्यक्तिहरुलाई धर्म भकाई शुद्ध गर्ने (लस्ट्रेसन) र ३० वर्षका लागि सार्वजनिक ओहदाबाट प्रतिबन्धित गर्ने अर्को सुझाव पनि थियो । गाउँघरमा झैझगडा मिलाउने पञ्चायती प्रणाली (लाइबेरियन अंग्रेजीमा 'पलावा हट सिस्टम') लाई सत्य निरुपण तथा मेलमिलापका लागि लगातार प्रयोग गर्दै रहने, रिपेयरेसन ट्रष्ट फण्डको व्यवस्था गर्ने र नेशनल मेमोरिएयल एवम् युनिफिकेसन डे मनाउने, महिला एवम् बालबालिकाको अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने जस्ता विषयहरु पनि आयोगको सिफारिसमा उल्लेख गरिएका थिए । अन्य सिफारिसहरुमा आर्थिक अपराधको सम्बन्धमा संलग्न भएका व्यक्तिहरुलाई सरकारले अतिरिक्त तहकिकात गरी कारबाही चलाउन निर्देशन गरिएको थियो ।

उक्त प्रतिवेदनका केही कमजोर पक्षहरु पनि थिए । गरिएका अनुसन्धान तथा जाँचबुझ कतिपय अवस्थामा पूर्ण देखिँदैन थिए । वारदातहरुको विवरणहरु आलोकाँचोरुपमा आएको कतिपयको तर्क थियो । आएका विवरणहरु पनि सिलसिलेवाररुपमा

प्रष्टसँग आएको देखिँदैन थिए । यी सबै केवल प्राविधिक क्षमता मात्र नभई समन्वयको अभावका कारण पनि भएका थिए । कमिसनरहरु एकअर्कासँग नमिलेका कारण कतिपय विषयमा टिआरसिले स्पष्टता दिन सकेन । दुईजना कमिसनरले त रिपोर्टमा सही नै गरेनन् । विशेषगरी लाइबेरियाको गृहयुद्धका पीडितहरु तथा ज्यान जोगाउनसम्म सफल भएका व्यक्तिहरुको आवश्यकतालाई प्रतिवेदनले विशेष महत्व दिन सकेन । कतिपयको भनाइ थियो, टिआरसिको कामकारबाहीमा कानुनको उचित प्रक्रिया (ड्यु प्रोसेस अफ ल) को अभाव खड्किन्थ्यो । जथाभावी हिसाबले तथ्य संकलन एवम् प्रस्तुति गर्दा यस्तो हुन गएको भन्ने भनाइ पनि थियो ।

टिआरसि एउटा ठूलो परियोजना थियो । त्यसैले कमीकमजोरी हुनु स्वभाविक पनि हो । तर यस किसिमको कुनै पनि प्रक्रिया सफल हुनका लागि राजनैतिक समूहहरु बीच न्युनतम विषयहरुमा सहमति आवश्यक हुन्छ । यो सहमति नभइदिँदा अन्तर्राष्ट्रिय सहयोग पनि गलत ठाउँमा पर्ने सम्भावना हुन्छ । यसको अभावमा देखिने सबैभन्दा ठूलो चुनौति भनेको आएका सुझावहरुलाई कार्यान्वयन गर्ने विषय हो । यस विषयमा लाइबेरियामा ठूलो समस्या देखियो । राष्ट्रपति सर्लिफले जनवरी २०१० मा प्रतिवेदनका सिफारिसहरुको कार्यान्वयनका लागि न्याय मन्त्रालय र कानुन सुधार आयोगलाई अनुरोध गरेको देखिन्छ । प्रतिवेदनमा नाम परेका अभियुक्तहरुले निरन्तररुपमा टिआरसिको प्रतिवेदन उपरसंवैधानिक एवम् कानुनी प्रश्नहरु उठाइरहनु अस्वभाविक थिएन । यसमा विशेष उन्नति हुन सकेन ।

जनवरी २०११ मा विलियम्स् विरुद्ध ताहको मुद्दामा लाइबेरियाको सर्वोच्च अदालतले टिआरसिको उक्त प्रतिवेदनका सम्बन्धमा स्पष्ट रुलिङ्ग गऱ्यो । ३० वर्षसम्म सार्वजनिक ओहदामा बस्न नपाउने भनिएका मध्ये एकजना निवेदक भएको यस मुद्दामा सर्वोच्च अदालतको यस रुलिङ्ग अनुसार टिआरसिको उक्त सिफारिस असंवैधानिक थियो । अदालतको रुलिङ्गलाई विभिन्न दृष्टिकोणबाट हेर्न सकिन्छ । तर मूलरुपमा सर्वोच्च अदालतको फैसला थियो "टिआरसिले प्रस्ताव गरेको सुझाव निवेदकको कार्यविधिगत उचित प्रक्रियाको अधिकार (राइट टु प्रोसिजरलड्यु प्रोसेस) लाई उल्लंघन गरी आएको छ । " अतः लाइबेरियाको संविधानअन्तर्गत सरकारले उक्त असंवैधानिक सिफारिसलाई कार्यान्वयन गर्न सक्दैन । सम्भवतः टिआरसि ऐनमा यस विषयलाई पर्याप्त प्रावधान एवम् प्रयोगका विवरणसहित उल्लेख गर्न सकेको भए कानुनको स्पष्ट प्रावधानको विद्यमानतामा सर्वोच्च अदालतले यो व्याख्या गर्न रुचाउने थिएन । यो फैसला संवैधानिकरुपमा जे जस्तो भए पनि निश्चितरुपमा पीडित लाइबेरियनहरुलाई यसले तृप्ति दिन सक्दैनथ्यो ।

वर्तमान लाइबेरियामा टिआरसिको अन्तिम प्रतिवेदनले धेरै प्रश्न उठाएको छ । यसको हल अवश्य नै खोजिएला । तर टिआरसिबारे शान्ति प्रक्रियामा शुरुवातमा जुन उत्साह थियो, अब त्यो उत्साह लाइबेरियामा छैन । आजको लाइबेरिया शान्त छ, तर अशान्तिका कारक तत्वहरु कायमै छन् ।

लाइबेरियाको अनुभवले के देखाउँछ भने टिआरसि प्रक्रिया कसरी लैजाने भन्ने विषयमा कुनै दुविधा रहनु हुँदैन । कानुन पूर्ण हुनुपर्छ । यसका प्रावधानहरु दोहोरो अर्थ नलाग्ने गरी स्पष्टरुपमा उल्लेख गरिनु पर्छ । सक्षम व्यवसायिक नेतृत्व, असल कमिसनरहरुको चयन, सानो कमिसनको व्यवस्था, कानुनी प्रक्रियाका महत्व बुझेका व्यक्तिहरु, स्वतःस्फूर्त व्यवसायिक प्रशासन र राजनैतिक हस्तक्षेपविहीनताको स्थिति टिआरसिको सफलताका लागि अत्यावश्यक छ । टिआरसिका लागि स्पष्ट कार्यादेश भएर मात्र पुग्दैन, त्यसलाई कार्यान्वयन गर्ने क्षमता त्यत्तिकै महत्वपूर्ण हुन्छ । त्यस्तै टिआरसि प्रतिवेदनलाई कार्यान्वयन गर्ने कुरामा पनि राजनैतिक प्रतिबद्धता जरुरी हुन्छ । कतिपय विषयमा यस्ता आयोगहरुले छिद्रहरु छोडेका हुन्छन् । त्यस्ता छिद्रहरुलाई पुर्ने प्रक्रिया अगाडि बढाउँदै आम नागरिकलाई न्यायको अनुभूति दिन सक्नु पनि त्यत्तिकै महत्वपूर्ण छ ।

त्यस्तै यदि राजनैतिक नेतृत्व मर्यादायुक्त छैन भने टिआरसिको सिफारिस जतिसुकै वैध भए पनि तिनलाई कार्यान्वयन गर्ने प्रक्रिया असहज हुन पुग्दछ । वर्तमान संवैधानिक प्रणालीलाई वैध तौरतरिकाले कार्यान्वयन गर्ने र कानुनको शासनको अनुभूति आम मान्छेमा जागृत गराउने कार्यमा राजनैतिक प्रणाली असफल रहिरहने हो भने पहिलेका अभियुक्तहरुलाई कारबाही गर्ने र न्याय दिलाउने भन्ने कुरा विवादास्पद बन्न जाने खतरा कायम रहिरहन्छ ।